कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)

मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

सचिव

## कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५

(प्रदेश सरकार मन्त्रीस्तरीय मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत)

पृष्ठभूमीः

व्यवसायिक कृषि विकास आयोजना-CADP(२०६३-६९) कार्यान्वयन गर्न नेपाल सरकार कम्पनी ऐन अन्तर्गत २०६३ मा गैर नाफामुखी संस्थाको रुपमा कमर्सियल एगृकल्चर एलायन्स CAA गठन भएको थियो। व्यवसायिक कृषि विकास आयोजनाले नेपालको ११ वटा पूर्वी पहाडी जिल्लामा कार्यक्रम संचालन गर्दा CAA ले उक्त आयोजनाको एउटा संभाग कार्यान्वयनमा सहयोग गरेको थियो । व्यवसायिक कृषि विकास आयोजनाको समाप्ती पश्चात स्वतन्त्र रुपमा कार्यक्रम संचालन गर्दै आएको छ। CAA को विद्यमान संगठन र यसका सदस्य संस्थाहरुको कृषि व्यवसायिकरण प्रतीको लगावलाइ ध्यानमा राखि प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो CAA मार्फत संचालन हुने **व्यवसायिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५** तर्जुमा गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

क. कार्यविधीको नाम सार्वजनिक निजी साझेदारीमा आधारित "व्यवसायिक कृषि बिकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७४" रहेको छ ।

ख. कार्यविधी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा**

क. व्यवसायिक कृषि विकास आयोजना( CADP) भन्नाले एसियाली विकास बैंङ्क (ADB) को सहयोगमा वि.सं. २०६३ देखि २०६९ सालसम्म तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रका ११ वटा जिल्लामा संचालन भएको आयोजनालाई बुझ्नु पर्दछ।

ख. कमर्सियल एगृकल्चर एलायन्स(CAA) भन्नाले व्यवसायिक कृषि विकास आयोजना( CADP) को कार्यान्वयनको लागि कम्पनी ऐन अनुसार गठन भएको गैर नाफामुखी संस्था भन्ने बुझ्नु पर्दछ।



सचिव

ग. सि.ए.ए. को सदस्य भन्नालेः तत्कालिन व्यवसायिक कृषि विकास आयोजना संचालनमा आएका पूर्वाञ्चल विकास क्षेत्रका ११ जिल्लाहरु (सिरहा, ससरी, उदयपुर,सुनसरी, मोरङ्ग , धनकुटा, तेह्रथुम, झापा , इलाम, पाँचथर तथा ताप्लेजुङ्ग) मा सिएएबाट सदस्यता प्राप्त गरि नविकरण गरेका व्यवसायिक कृषिका सरोकारवालाहरु (कृषक समूह, कृषि सहकारी, कृषि उपजका व्यापारी तथा प्रशोधनकर्ता) लाई बुझाउँदछ ।

घ. कार्यक्रम भन्नालेः कृषि वाली वस्तु, उत्पादन, प्रशोधन, बजार व्यवस्थापन, बजार प्रवर्द्दन, साना बजार पूर्वाधार, साना सिचाई आदि संग सम्बन्धित क्रियाकलाप बुझ्नु पर्दछ।

ङ. व्यवसायिक प्रस्ताव भन्नालेः कार्यक्रम संचालन गर्न पेश गर्ने व्यवसायिक योजना बुझाउँदछ

३ उद्देश्यः यस कार्यविधीको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. उच्च मूल्यका वाली बस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग गर्ने ।

ख. बजार पूर्वाधार बिकास तथा उत्पादनोपरान्तका कृयाकलापहरुमा सहयोग उपलब्ध गराई वाली बस्तुहरु बजारमा पहुच बढाउने ।

ग. व्यवसायिक उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग गर्ने ।

## परिच्छेद - २

## कार्यक्रम संञ्चालन प्रकृया

**४ यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम संचालन गरिने छ।**

क. आलु , तरकारी , फलफुल , मसला बाली , चिया , कफि आदिका उत्पादन प्रवर्द्धन कार्यक्रम, बजार प्रवर्द्धन , प्रशोधन तथा उत्पादन उपरान्त सम्बन्धी कार्यक्रम।

ख. साना बजार पूर्वाधार जस्तैः संकलन केन्द्र ,बजार स्टल , बजार सेड निर्माण तथा मर्मत सम्भारका कार्यक्रम ।

ग. साना सिचाई कार्यक्रम ( सतह सिचाई,भूमिगत सिचाई, नवीनतम प्रविधिमा आधारित सिंचाई) निर्माण तथा मर्मत सम्भारका कार्यक्रम

घ. साना कृषि यन्त्र मिनि टिलर ,पावर टिलर ,थ्रेसर ,हार्वेष्टर ,रिपर , प्लान्टर खरीद आदि

ङ. माटो, कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन

च. खाद्यान्न बाली बीउ उत्पादन तथा बजारीकरण

**५ कार्यक्रम संचालन विधि**

सचिव

५.१ कार्यक्रम छनौटका आधार

क. कार्यक्रममा सहभागी हुन कमर्सियल एग्रीकल्चर एलायन्स (CAA) को सदस्य भई सदस्यता नविकरण भएको हुनु पर्ने छ। कार्यक्रम उदयपुर,सुनसरी, मोरङ्ग, धनकुटा, तेह्रथुम, झापा, इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लामा मात्र संचालन गरिने छ ।

ख. सहकारी र प्रशोधन कर्ताहरुको हकमा नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

ग. दफा-४ मा उल्लेख भएका कार्यक्रमहरु प्रस्ताव गर्न पाईने छ।

घ. कार्यक्रम संचालन गर्न प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

ङ. महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र क्षेत्रलाई प्राथमिकता दिईने छ।

च. कार्यक्रम संचालनका लागि उपलब्ध गराईने अनुदान पूरक अनुदानको रुपमा प्रयोग हुने र अनुदान प्राप्त गर्न समुह, सहकारी तथा प्रशोधनकर्ता लाई अधिकतम रु ५ लाख सम्म अनुदान उपलब्ध गराईने छ। कार्यक्रम संचालनका लागि आवेदक संस्थाले कम्तीमा ५० प्रतिशत हिस्सा नगद वा जिन्सि को रुपमा अनिवार्य रुपमा व्यहोर्नु पर्ने छ।

छ. कृषि ज्ञान केन्द्र सम्वन्धीत स्थानीय तहको सिफारिस अनिर्वाय रुपमा समावेश गर्नु पर्ने छ ।

ज. स्थानियस्तरमा रोजगारी सिर्जना गर्न सहयोग पु-याउने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

झ. निवेदक संस्थाले प्रस्ताव गरेका क्रियाकलाप संचालन गर्न अन्य निकायबाट रकम सहयोग /अनुदानको रुपमा लिएको पाइएमा छनोट प्रक्रियामा समावेशका लागि अयोग्य मानिने छ ।निवेदन पेश गर्दा अन्य निकायबाट रकम सहयोग /अनुदानको रुपमा नलिएको स्व घोषणा गर्नु पर्ने छ ।

ञ. गत आ.व.मा सहयोग प्राप्त गर्ने निवेदकहरुले यस आ.व.मा निवेदन पेश गर्न पाइने छैन।

५.२ कार्यक्रम बजेट व्यवस्थापन : कार्यक्रम संचालनका लागि चालु आर्थिक वर्ष २०७५/०७६ मा कृषि विकास निर्देशनालय विराटनगरमा रु. ९० लाख बजेट बिनियोजन भएको छ। उक्त बजेट मध्ये ५ प्रतिशत कन्टिनजेन्सी रकम छुट्टयाई कार्यक्रम संचालनको प्रशासनिक र अनुगमन मुल्याङ्कनमा खर्च गरिने छ।

५.३ कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व

क. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी कमर्सियल एग्रीकल्चर एलायन्सको हुने छ।

ख. कमर्सियल एग्रीकल्चर एलायन्सले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा कृषि ज्ञान केन्द्र तथा अन्य सम्बन्धित निकायहरु बाट लिन सकिने छ।

सचिव

ग. कार्यक्रम संचालनको नियमित प्रतिवेदन कमर्सियल एग्रीकल्चर एलायन्सले कृषि विकास निर्देशनालयलाई उपलब्ध गराउने छ।

५.४ कार्यक्रम संचालन प्रकृयामा

क. सुचना प्रवाह- कमर्सियल एग्रीकल्चर एलायन्सले कार्यक्रम संचालनका लागि स्थानिय पत्रिका एफ.एम. रेडियो मार्फत अनुसुचि-१ मा उल्लेखित ढाँचा अनुसार प्रवाह गर्ने छ।

ख. स्कीम / व्यवसायिक योजना- कार्यक्रममा सहभागी हुन चाहने (कृषक समुह, सहकारी तथा प्रशोधनकर्ताहरु) अनुसुचि-२ बमोजिमको ढाँचाको स्कीम/व्यवसायिक योजनाहरु कमर्सियल एग्रीकल्चर एलायन्स, विराटनगरमा दर्ता गराउनु पर्ने छ।

५.५ स्कीम/ व्यवसायिक योजना छनौट

क. व्यवसायिक योजना छनौट प्रायोजनको लागि तपसिल बमोजिमको मुल्याङ्कन समिति रहने छ।

- वरिष्ठ कृषि अर्थविज्ञ, कृषि विकास निर्देशनालय, विराटनगर - संयोजक
- वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि विकास निर्देशनालय, विराटनगर - सदस्य
- वरिष्ठ कृषि विकास अधिकृत,योजना महाशाखा, भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय - सदस्य
- कमर्सियल एग्रीकल्चर एलायन्सका प्रतिनिधि १ जना -सदस्य
- कमर्सियल एग्रीकल्चर एलायन्सका व्यवस्थापक -सदस्य
- कृषि अर्थविज्ञ, कृषि विकास निर्देशनालय, विराटनगर - सदस्य-सचिव

समितिमा आवश्यकता अनुसार २ जना विज्ञहरु आमन्त्रितको रुपमा वोलाउन सकिने छ

ख. उपरोक्त मुल्याङ्कन समितिले अनुसुचि-३ बमोजिमको ढाँचामा मुल्याङ्कन पश्चात स्वीकृतिका लागि कृषि विकास निर्देशनालयलाई पेश गर्ने छ। उक्त सिफारिस र उपलब्ध बजेटको आधारमा कृषि विकास निर्देशनालय प्रमुखवाट आयोजना स्वीकृत हुनेछन ।

ग. अनुसुची-३ बमोजिम स्कीम / व्यवसायिक योजनाले न्यूनम ५० प्रतिशत अंक प्राप्त गरे मात्र उतिर्ण मानिने छ। ५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्कीम / व्यवसायिक योजनालाई प्रतिष्पर्धामा सामेल गराईने छैन।

घ. कार्यक्रम संचालन सम्बन्धमा मुल्याङ्कन समितिलाई आवश्यक निर्देशन दिन तथा अनुगमन मुल्याङ्कनको लागि तपशिल अनुसारको निर्देशक समिति रहने छ।

सचिव

* सचिव, भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय - संयोजक
* सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, मोरंग - सदस्य
* क्षेत्रीय निर्देशक, कृषि अनुसन्धान केन्द्र, तरहरा - सदस्य
* प्रमुख, कृषि विकास निर्देशनालय, विराटनगर - सदस्य
* अध्यक्ष, कमर्सियल एग्रीकल्चर एलायन्स, मोरंग - सदस्य
* वरिष्ठ कृषि विकास अधिकृत, योजना महाशाखा, भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय - सदस्य-सचिव

समितीमा अबश्यकताअनुसार २ जना सम्म आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

ङ. संझौता गर्नु अघि निर्देशक समितिले आवश्यक ठानेमा छनौट भएका आयोजनाको स्थलगत अनुगमन समेत गर्न सक्ने छ।

५.५ संझौता : छनौट भएका आयोजना संचालन गर्ने समुह/ सहकारी/ प्रशोधनकर्ता र कृषि विकास निर्देशनालय बीच अनुसूची ५ बमोजिमको ढाँचामा संझौता गर्नु पर्नेछ।

## परिच्छेद – ३

## अनुगमन मुल्याङ्कन भुक्तानी प्रकृया

६ भुक्तानी प्रकृया – कार्य सम्पन्न भएको आधारमा दुई किस्तामा भुक्तानी दिईने छ। प्रथम किस्तामा अधिकतम ५० प्रतिशत रकम र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकि रकम दोश्रो किस्तामा भुक्तानी गरीने छ।

प्रथम किस्तामा कार्य सम्पन्न भएको आधारमा स्कीम / व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत अनुसारको भुक्तानीको लागि माग भएअनुसार संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा र दोश्रो किस्ता स्कीम / व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

७ अनुगमन मुल्याङ्कन – भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कमर्सियल एग्रीकल्चर एलायन्स आदिबाट आवश्यकता अनुसार अनुगमन मुल्याङ्कन गरिने छ। किस्ता भुक्तानी प्रयोजनको लागि कमर्सियल एग्रीकल्चर एलायन्स र कृषि विकास निर्देशनालयको संयुक्त टोलिले अनुगमन गर्ने छ।



सचिव

८ प्रतिवेदन – कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले किस्ता भुक्तानी माग गर्दा स्कीम / व्यवसायिक योजना बमोजिमका कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्दछ। अन्तिम किस्ता भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ। कमर्सियल एग्रीकल्चर एलायन्सले राष्ट्रिय योजना आयोगको फरमेट अनुसार चौमासिक प्रगति प्रतिवेदन कृषि विकास निर्देशनालयमा पेश गर्नु पर्दछ।

## परिच्छेद – ४

## विविध

९ कार्यवाहीको व्यवस्थाः प्रस्ताव स्वीकृत स्कीम / व्यवसायिक योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाइएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्यवाही हुनेछ।

१० प्रचलित कानुन लागु हुनेः कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

११ बिमाः स्कीम / व्यवसायिक योजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्ने छ।

१२ बाधा अड्काउ निरुपण खारेजी एवं संशोधन :

क) यस कार्यबिधी कार्यान्वयनमा केहि बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ । यसमा भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ब्याख्या अन्तिम हुनेछ ।

ख) यस कार्यबिधीलाइ आबश्यकतानुसार भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयले संशोधन वा खारेजी गर्न सक्नेछ ।

सचिव

अनुसुची १

कमर्सियल एगृकल्चर एलायन्स मार्फत व्यवसायिक कृषि विकास कार्यक्रम संचालनको लागि स्किम / व्यवसायिक योजनाको आव्हान सम्बन्धी सुचनाको ढाँचा ।

सुचना सुचना सुचना

कृषि विकास निर्देशनालय विराटनगर आर्थिक वर्ष .............. को वार्षिक स्विकृत कार्यक्रम अनुसार कमर्सियल एगृकल्चर एलायन्स(CAA) मार्फत व्यवसायिक कृषि कार्यक्रम संचालन गर्न कमर्सियल एगृकल्चर एलायन्सका सदस्यहरु लक्षित गरी दरखास्त आव्हान गरिएको छ। यो सुचना प्रकाश भएको मितिले १५ दिन भित्र कमर्सियल एगृकल्चर एलायन्स मार्फत व्यवसायिक कृषि विकास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ४ मा उल्लेख भएको कार्यक्रम संचालनको लागि तोकिएको ढाँचा अनुसार दरखास्त दिनु हुन अनुरोध गरिन्छ। पुनश्च आवेदनका साथ तपसिल अनुसारका कागजातहरु पेश गर्न समेत यसै सुचनाबाट सुचित गरिन्छ।

तपसिलः

अनुसुचि – २ अनुसारको आवेदन फारम

अनुसुचि – ३ अनुसारको स्किम व्यवसायिक योजना /

प्रमाणित प्रमाण पत्र( तालिम, संस्था , नविकरण, कर , फर्छ्यौट)

अनुसुचि – २

कमर्सियल एगृकल्चर एलायन्स मार्फत व्यवसायिक कृषि कार्यक्रम संचालन गर्नका लागि दिईने आवेदन – पत्र

श्रीमान प्रमुखज्यू,
कृषि विकास निर्देशनालय, विराटनगर

विषयः कार्यक्रम उपलब्ध गराईदिने बारे।

महोदय ,

मिति ........... साल............. महिना........गते पत्रिका/ एफ.एम. रेडियोमा प्रकाशित/ प्रसारित सुचना बमोजिम व्यवसायिक कृषि कार्यक्रम संचालन गर्न ईच्छा भएकाले आवश्यक कागजात राखि निवेदन गर्दछु। नियमानुसार कार्यक्रम उपलब्ध गराई दिनु हुन अनुरोध छ। पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ राखेको व्यहोरा समेत अनुरोध छ।

तपशिल

१. अनुसुचि – ३ अनुसारको कार्ययोजना
२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
३. प्रमाणित प्रमाण पत्र( तालिम, संस्था नविकरण, कर फर्छ्यौट आदि)
४. आवेदकले प्रस्ताव गरेको कामका लागि अन्य कुनै निकायवाट सहयोग प्राप्त नगरेको स्वघोषणा पत्र

निवेदकः
दस्तखतः
ठेगानाः
फोन नः

सचिव

# अनुसूची – ३

## ब्यवसायिक योजना ढाँचा

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| आवेदक संस्थाको नामः | |
|---|---|
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |
| प्रस्तावित उप-आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु | |
| निवेदक संस्थाको तर्फबाट बेहोर्ने रकम रु | |
| निवेदक संस्थाले विगतमा CAA को ब्यवसायिक कृषि विकास कार्यक्रमवाट सहयोग प्राप्त गरेको | |

| | |
|---|---|
| भए सो को विवरण र सहयोग रकम रु | |

२) निवेदक संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| निवेदक संस्थाले व्यवसाय संचालन सम्बन्धमा भोग्दै आएको समस्याहरु | |
| प्रस्तावित ब्यवसायिक योजना किन र के कार्यका लागि पेश गर्नु भएको हो | |
| आयोजनाको उद्देश्यहरु | |
| लाभान्वित घर परिवार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

४. आयोजना संचालन प्रकृया

| | |
|---|---|
| आयोजना संचालन विधि | |

५. अनुदानबाट के उपलब्धि हासिल हुने छ

| | |
|---|---|
| क्षेत्रफल बिस्तार(हेक्टर) | |
| उत्पादन बृद्धि (परिमाण, | |

| | |
|---|---|
| मे.ट.) | |
| जीबिकोपार्जन तथा जिवनस्तर सुधार | |
| रोजगारीमा बृद्धि तथा आर्थिक अवस्थामा सुधार | |

६. आम्दानी र खर्च विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |

७. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क्र.सं. | मुख्य कृयाकलापहरु | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

अनुसूची – ४

स्कीम / व्यवसायिक योजना मुल्याङ्कन आधार

| क.स. | मुल्याङ्कन आधारहरु | अधिकतम | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **अनुदानग्राही संस्थाको अनुभव** | २० | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | २ भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | | |
| | रु. १० लाख भन्दा बढि | १० | |
| | रु. ५ देखि १० लाख | ८ | |
| | रु. ३ देखि ५ लाख | ५ | |
| | रु. ३ लाख भन्दा कम | ३ | |
| १.३ | व्यवस्थापक, लेखापाल, कार्यक्रम, संयोजक तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण गराएको | २ | |
| २. | **प्रस्तावित व्यवसायिक योजनाको प्राविधिक पक्ष** | २० | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| | सामान्य | २ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| | सामान्य | २ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक र प्राप्त गर्न सकिने | ५ | |
| | सामान्य | ३ | |
| | कम सान्दर्भिक | २ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | सामान्य | ३ | |
| | अस्पष्ट | २ | |



सचिव

| क.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| ३. | **आयोजना संचालन प्रकृया** | २० | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |
| | ५० भन्दा बढि | ५ | |
| | ३० देखि ५० | ३ | |
| | ३० भन्दा कम | २ | |
| ३.२ | समावेशिता | | |
| | महिला सहभागिता | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित, जनजाती सहभागिता | | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | मूल्य श्रृखंलाका अन्य पात्रहरुसँगको समन्वय ब्यवस्था | | |
| | मूल्य श्रृखंलाका अधिकतम पात्रहरुसँग समन्वय ब्यवस्था | ५ | |
| | मूल्य श्रृखंलाका आंशिक पात्रहरुसँग समन्वय ब्यवस्था | ३ | |
| | मूल्य श्रृखंलाका पात्रहरुसँग समन्वय ब्यवस्था नभएको | २ | |
| ४. | **उपलब्धी** | २० | |
| ४.१ | उत्पादकत्व वृद्धि | | |
| | विद्यमान उत्पादनमा ५ प्रतिशत भन्दा बढी बृद्धि | ५ | |
| | विद्यमान उत्पादनमा १० प्रतिशत भन्दा बढी बृद्धि | ३ | |
| | विद्यमान उत्पादनमा १५ प्रतिशत भन्दा कम बृद्धि | २ | |
| ४.२ | क्षेत्रफल विस्तार | | |
| | विद्यमान क्षेत्रफलमा ७० प्रतिशत भन्दा बढी बृद्धि | ५ | |
| | विद्यमान क्षेत्रफलमा ५० प्रतिशत भन्दा बढी बृद्धि | ३ | |
| | विद्यमान क्षेत्रफलमा ५० प्रतिशत भन्दा कम बृद्धि | २ | |
| ४.३ | सालाखाला मुनाफा(**Gross margin**) | | |
| | सालाखाला मुनाफा ६० प्रतिशत भन्दा बढी | ५ | |
| | सालाखाला मुनाफा ३० प्रतिशत भन्दा बढी | ३ | |

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | सालाखाला मुनाफा ३० प्रतिशत भन्दा कम | २ | |
| ४.४ | BC ratio | ५ | |
| | १.५:१ भन्दा बढी | ५ | |
| | १.२:१ भन्दा बढी | ३ | |
| | १.२:१ भन्दा कम | २ | |
| ५ | प्रस्तावित कृयाकलाप र वित्तिय प्रस्ताव | २० | |
| ५.१ | प्रस्तावित कृयाकलाप र उद्देश्यमा तालमेल | | |
| | सबै कृयाकलाप उद्धेश्य अनुरुप भएको | ५ | |
| | ६० प्रतिशतभन्दा वढी कृयाकलापहरु उद्धेश्य अनुरुप भएको | ३ | |
| | ६० प्रतिशतभन्दा कम कृयाकलापहरु उद्धेश्य अनुरुप भएको | २ | |
| ५.२ | प्रस्तावित कृयाकलापको खर्च प्रक्षेपण | ५ | |
| | बजार मुल्य अनुसार प्रस्ताव गरेको | ५ | |
| | बजार मुल्यभन्दा २० प्रतिशत सम्म बृद्धि गरी प्रस्ताव गरेको | ३ | |
| | बजार मुल्यभन्दा २० प्रतिशत भन्दा बृद्धि गरी प्रस्ताव गरेको | २ | |
| ५.३ | आवेदकको लागत सहभागिता | | |
| | आवेदकको ७० प्रतिशत भन्दा बढि सहभागिता | १० | |
| | आवेदकको ६० देखि ७० प्रतिशत सम्म सहभागिता | ८ | |
| | ५० प्रतिशत देखि ६० प्रतिशत सम्म सहभागिता | ६ | |
| | ५० प्रतिशत भन्दा कम सहभागिता | ४ | |

माथि उल्लिखित मूल्यांकन आधारहरु कुनै आयोजनाका लागि उपयुक्त नभएमा मूल्यांकन समितिले अन्य आधारहरु तय गर्न सक्ने छ ।

सचिव

प्रदेश सरकार कृषि तथा सहकारी ... प्रदेश नं.-१ ... नेपाल

अनुसूची- ५

**सिएए सदस्य लक्षित व्यवसायिक कृषि विकास कार्यक्रम कार्यान्वयन सम्झौता पत्र**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/ कृषि विकास निर्देशनालय द्वारा कमर्सियल एगृकल्चर एलायन्स मार्फत संचालन गरिने आ .व................ को सिएए सदस्य लक्षित व्यवसायिक कृषि विकास कार्यक्रम संचालन गर्न सिएए सदस्य.................................... यस भन्दा पछि पहिलो पक्ष भनिने , र कृषि विकास निर्देशनालय यस भन्दा पछि दोश्रो पक्ष भनिने विच तपशिल शर्तनामाहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता भएको छ ।

१. पहिलो पक्षले व्यवसायिक कृषि विकास कार्यक्रम संचालन गर्नका लागि कमर्सियल एगृकल्चर एलायन्समा निवेदन पेश गरी छनौट भएको आयोजना प्रस्तावनामा उल्लेख भए बमोजिमका क्रियाकलापहरु तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ ।

२. आयोजनाको कुल लागत रु...................................................मध्ये कृषि विकास निर्देशनालयवाट रु...................................................कार्यसम्पन्न अवस्था अनुसार बढीमा तीन किस्तामा बैक खाता मार्फत भुक्तानी गराईने छ ।पहिलो पक्षवाट रु...............................................रकम वेहोरिने छ ।यो आयोजनाको सम्पूर्ण काम मिति.......................................... सम्ममा सम्पन्न गर्नुपर्नेछ ।

३. दोश्रो पक्षले छनौट भएको आयोजना कार्यान्वयनका लागि पहिलो पक्षलाई कामको प्रकृति र कार्यसम्पन्न अवस्था अनुगमन गरी पेश भएका वीलहरुका आधारमा समावेश तपशिल अनुसार बढीमा ३ किस्तामा रकम बैक मार्फत चेकवाट भूक्तानी गर्ने छ ।

प्रथम किस्ता वापत रकम रु ..............................................

दोश्रो किस्ता वापत रकम रु..............................................

अन्तिम किस्ता वापत रकम रु..............................................

४. दोश्रो पक्षवाट पहिलो पक्षलाई आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गरिनेछ ।

सचिव

१७

५पहिलो पक्षले नियमित रुपमा कार्य .क्रम संचालन गरे नगरेको दोश्रो पक्ष र कमर्सियल एगृकल्चर एलायन्सवाट संयुक्त रुपमा अनुगमन गर्नेछ ।

६. पहिलो पक्षले यस सम्झौतामा उल्लेख भए अनुसारको काम तोकेको समय सिमाभित्र सम्पन्न गर्न नसकेमा दोश्रो पक्ष संझौता अनुसारको रकम भुक्तानी गर्न वाध्य हुने छैन ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष
कृषि लाभग्राहीको तर्फवाट
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः

दोश्रो पक्ष
कृषि विकास निर्देशनालयको तर्फवाट
नामः
पदः
दस्तखतः
मितिः
सस्थाको छापः

कमर्सियल एगृकल्चर एलायन्सको तर्फवाट
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः

सचिव